मासिक
# विपद् बुलेटिन
*विपद् जोखिम न्यूनीकरण सम्बन्धी राष्ट्रिय सम्मेलन २०७८ विशेषांक*
अंक: ८
२०७८ फागुन

## यस भित्र

२ सम्मेलनमा व्यक्त विज्ञ धारणा
३ विपद् जोखिम न्यूनीकरणमा रैथाने प्रविधि उपयोगी
४ विपद्मा यौन तथा प्रजनन अधिकार
५ विपद् र समावेशिकरणलाई मूल प्रवाहमा ल्याउँन आवश्यक

# राष्ट्रियसम्मेलनले उठान गरेका बहुआयामिक विपद् सवाल




बहुप्रकोपीय विपद्का हिसाबले उच्च जोखिममा रहेको नेपालमा 'विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन' का विषयमा फागुन १२ र १३ गते चलेको दुई दिने राष्ट्रिय सम्मेलनले विपद् जोखिमको अवस्था, जोखिम न्यूनीकरण, पूर्वतयारी, राहत तथा उद्धार सम्बन्धी भइरहेका योजना तथा कार्यक्रम, नीतिगत व्यवस्थाका सिकाई र आगामी दिनमा अपनाउनु पर्ने कार्ययोजनाका विषयमा व्यापक छलफल भएको छ। यो छलफलले विपद्का बहुआयामिक सवाल उठान गरेको छ।

अमेरिकी सहयोग नियोग अन्तर्गत संचालित तयार परियोजनाको सहयोगमा डिपीनेट नेपालको समन्वय तथा गृह, संघीय मामिला तथा सामान्य प्रशासन, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सहरी विकास, वन तथा वातावरण मन्त्रालय लगायतका विभिन्न सरकारी निकाय एवं अन्य सरोकारवालाको सहकार्यमा सम्पन्न यो सम्मेलनले आगामी दिनका लागि पनि महत्वपूर्ण सवालहरु उठान गरेको सहभागिहरुको भनाई छ ।

सम्मेलनको मुख्य उद्देश्य विपद्का क्षेत्रमा दशकौं देखि काम गर्दै आएका सरोकारवाला संस्था तथा व्यक्तिहरु एकै ठाउँमा भेलाभई विपद् सम्बन्धि विविध मुद्दाहरुमा सिकाई तथा अनुभव आदान-प्रदान गर्नु थियो । साथै सम्मेलन 'एसिया प्रशान्त मन्त्री स्तरिय सम्मेलन'को तयारीको एउटा पाटोको रुपमा समेत रहेको छ। कार्यक्रममा विभिन्न क्षेत्र र पृष्ठभूमिका २ सयभन्दा बढीको सहभागिता थियो ।

चार ओटा प्राविधिक सत्र, उद्घाटन समारोह र समापन समारोहका साथ् सम्पन्न यो सम्मेलनमा सरोकारवाला तथा विज्ञहरुबाट विपद् सम्बन्धी काम गर्दा प्राप्त सिकाई तथा अनुभवहरु समेत आदानप्रदान गरिएको थियो । यसको अलावा विद्यालय तहका विद्यार्थीहरुलाई विपद् व्यवस्थापनका सवालमा ल्याउन निबन्ध प्रतियोगिता, विपद्का विषय सर्वसाधारणमा पुर्याउन लोक दोहोरी कार्यक्रम र विभिन्न सरोकारवालाहरुले गरेका अभ्यास र नतिजा समेत जानकारी गराउनु सतल समेत समेटिएका थिए। कार्यक्रममा उठान भएका सवालहरुलाई अपाङ्गता भएका व्यक्तिहरुको पहुँचमा पुर्याउनका लागि सांकेतिक भाषा, भाषा अनुवाद तथा शाब्दिक अनुवाद समेतको व्यवस्था गरिएको थियो ।

डीपीनेटका कार्यवाहक अध्यक्ष डा. राजु थापाको अध्यक्षतामा सम्पन्न सम्मेलनलाई डीपीनेटका महासचिव श्री कैलाश रिजालले संचालन गर्नु भएको थियो । उद्घाटन समारोहमा प्रमुख अतिथिका रुपमा गृह सचिव श्री टेक नारयण पाण्डे उपस्थित हुनुहुन्थ्यो । त्यस्तै स्वास्थ्य मन्त्रालयका सचिव डा. रोशन पोखरेल लगायत अन्य मन्त्रालय र युएसआइडीका वरिष्ठ अधिकारीहरु कार्यक्रमको सम्मानित अथितिको रुपमा हुनुहुन्थ्यो ।

समारोहमा गृह सचिव पाण्डेले 'अनलाइन स्रोत केन्द्र' (Online Resource Center, ORC) र भर्चुअल छलफल केन्द्रको समेत सुरुवात गर्नु भएको थियो । जसलाई (https://www.dpnet.org.np/resource) र (https://virtualdrr.dpnet.org.np) मा गएर हेर्न सकिन्छ । डिपीनेटले आफ्नो वेबसाइटलाई पूर्णरुपमा विपद् जोखिम न्यूनीकरण सम्बन्धि स्रोत केन्द्र बनाउनका लागि विपद् सम्बन्धि सामाग्रीहरु संकलन तथा संग्रह गर्दै आएको छ। अनलाइन स्रोत केन्द्र अपांगता भएका व्यक्तिलाई समेत लक्षीत गरि बनाएको छ। उक्त वेबसाइटमा पनि यस सम्बन्धि ९ सयभन्दा बढी सान्दर्भिक स्रोत सामाग्रीहरु राखिएको छ।

कार्यक्रमका सहभागिहरुले विपद् जोखिमलाई सम्बोधन गर्न समाजका सबैको दृष्टिकोण महत्वपुर्ण रहेको बताउँदै सम्मेलनले सबै सरोकारवालाहरुको अवधारणाहरुबाट साझा र उपयुक्त समाधानका उपायहरु निस्कने विश्वास व्यक्त गर्नु भएको थियो। त्यसैगरी विपद्ले महिला, अपाङ्ग, आर्थिक, सामाजिक तथा भौगोलिक विपन्नता भएका जनसङ्ख्यामा बढी प्रभाव पर्ने सवाल उठान गर्दै उहाँहरुले स्वस्थ र सुरक्षित बासस्थान र बाँच्न पाउने अधिकारको सुनिश्चितता जस्ता क्षेत्रहरु नीतिले समेटेको तर कार्यान्वयनका लागि सबैको साझा प्रयास आवश्यक रहेको बताउनुभएको थियो ।

समारोहमा १५ जना कार्यपत्र प्रस्तुतकर्ताले चार वटा प्राविधिक सत्रमा विभिन्न विषयमा प्रस्तुतीहरु राख्नु भएको थियो भने हरेक प्रस्तुतिका आधारमा सहभागिहरुका बीच गहन छलफल समेत भएको थियो ।

*पृष्ठ २ मा क्रमश...*

*पृष्ठ १ बाट क्रमश...*




विपद् व्यवस्थापन विषयको पहिलो प्राविधिक सत्रमा ५ वटा प्रस्तुतिहरु भएका थिए । जसमा विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाई कार्य ढाँचा अनुसार नेपालले हासिल गरेका लक्ष्य, सूचक, संस्थागत व्यवस्था, कानुनी संरचनाको विषय समेटिएको थियो । सूचना व्यवस्थापन प्रणाली स्थापना गर्न र SFDRR को मामिलामा सफलता हासिल गर्न प्राथमिक क्षेत्रहरू स्थापना गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले चालिरहेको गतिविधिहरूका बारेमा पनि छलफल भएको थियो ।

सत्रमा सीमान्तकृत र जोखिममा परेका समुदायहरूमा विपद्ले पार्ने प्रभाव र उनीहरुको क्षमता अभिवृद्धि र सुदृढीकरणका लागि सरकारी निकाय, निजी क्षेत्र र सरोकारवालाहरूको भूमिकाका विषयमा वक्ताहरुले आफ्ना अनुभव राख्नुभएको थियो ।

दोस्रो प्राविधिक सत्रमा 'स्थानिय तहमा विपद् जोखिम न्यूनीकरण सम्बन्धि नीतिको कार्यान्वयन'को विषयमा स्थानिय सरकारका प्रमुख उपलब्धि, विपद् जोखिम न्यूनीकरणको पोर्टलको स्थानियकरणमा सरोकारवालाहरूले खेलेका भूमिकाहरू माथि छलफल गरिएको थियो । समारोहमा स्थानीय ऐन र ढांचाहरु तथा प्राविधिक र वित्तीय क्षमताको अपर्याप्तताले निम्त्याउन सक्ने खतराका विषयमा समेत छलफल भएको थियो । स्थानिय सरकारमा विपद् पुर्वतयारीका लागि बजेट विनियोजन हुनुपर्ने र मनसुन पूर्वतयारी योजनाको बारेमा पनि सुसुचित हुनुपर्ने सहभागीहरुको भनाई थियो ।

तेस्रो प्राविधिक सत्रमा विपद् जोखिमको अध्ययन र व्यवस्थापनका बारेमा छलफल भएको थियो । देशको विद्यमान जोखिम र त्यसको न्यूनीकरणमा विज्ञान, प्रविधिको भूमिकाका बारेमा पनि छलफल गरिएको थियो । यस्तै, विभिन्न समयमा आइपर्ने विपद्का घटनाबाट बाँच्नका लागि गरिने रैथाने ज्ञान र शिपको उपयोगका बारेमा पनि कार्यक्रममा छलफल गरिएको थियो ।

यस्तै चौंथो सत्रमा नेपालमा सामाजिक सुरक्षाको अवस्था र यसलाई विपद् सम्वेदनशील बनाउनु पर्ने आवश्यकता छ । हिमाली क्षेत्रमा दिगो जोखिमको न्यूनीकरणका लागि अध्ययन र यसको महत्व, भूकम्पीय जोखिम, शव व्यवस्थापन, नगद स्थानान्तरण र कारोबार, यौन तथा प्रजनन स्वास्थ्य अधिकार तथा विपद् जोखिम न्यूनीकरणका लागि सुचना प्रणालीको स्थानियकरण जस्ता विषयमा विज्ञहरुले आफ्नो प्रस्तुति तथा धारणा र अनुभव आदान-प्रदान गर्नुभएको थियो ।

नेपाल विश्वव्यापी रूपमा भूकम्पीय जोखिमका हिसाबले ११ औं स्थानमा छ भने बाढीको जोखिमको हिसाबले ३० औं स्थानमा छ । यस्ता जोखिमको न्यूनीकरण तथा व्यवस्थापनलाई प्रभावमा आधारित बनाएर चुस्त योजना कार्यान्वय गर्नु जरुरी रहेको सहभागीहरूले बताएका थिये । सम्मेलनले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा नीति, प्रावधान र अभ्यासबारे ज्ञान बढाउन, तीनै तहका सरकारवीच समन्वय बढाउन तथा समन्वयात्मक रूपमा कार्यनीति बनाई लागू गर्नुपर्ने विषयलाई पनि उठान गरेको थियो ।

# सम्मेलनमा व्यक्त विज्ञ धारणा



## सम्मेलनका निष्कर्षहरू विपद् जोखिम घटाउन महत्वपूर्ण छन्

***टेक नारायण पाण्डे, सचिव, गृहमन्त्रालय***

विपद् जोखिम न्यूनीकरण सम्बन्धि राष्ट्रिय सम्मेलनले विपद् सम्बन्धि नीति, कार्यक्रम तथा रणनीतिलाई सहयोग पुग्ने गरी महत्वपूर्ण छलफल गरेको छ। विपद् जोखिम न्यूनीकरणका लागि विश्वव्यापी मंच (GPDRR) र विपद् जोखिम न्यूनीकरणमा एशिया प्रशान्त मन्त्रीस्तरीय सम्मेलन (APMCDRR) को तयारीका लागि यो सम्मेलनको महत्वपूर्ण भूमिका रहने छ । विपद् जोखिम न्यूनीकरण सम्बन्धि प्रमुख मुद्दा र प्राथमिक कार्यहरु बारे खुला रुपमा छलफल गरि प्रतिवेदन तयार गर्न सहभागीहरुका लागि यो सम्मेलन महत्वपूर्ण थलो हो । सम्मेलनबाट आएका सुझावहरुलाई प्राथमिकतामा राखी आफ्नो नीतिगत निर्णय मार्फत अगाडी बढाउन गृह मन्त्रालय प्रतिबद्ध छ । यो सम्मेलनबाट प्राप्त सुझावहरु आगामी दिनमा विपद्संग सम्बन्धित नीतिहरुको कार्यान्वयनमा समेत सहयोगी हुनेछन् ।

## सम्मेलनले स्वास्थ्य र विपद्लाई अझ राम्रोसंग जोड्न मद्दत गरेको छ

***डा. रोशन पोखरेल, सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय***



कोभिड संक्रमण भन्दा पहिले स्वास्थ्य सम्बन्धि विपद् समग्र विपद्संग जति जोडिनु पर्थ्यो, त्यति जोडिन सकेको थिएन । तर कोभिड पछि भने

विपद् जोखिमका अन्य सवाल जस्तै स्वास्थ्य विपद् जोखिमपनि मूल प्रवाहमा आएको छ। विपद् जोखिम सम्बन्धि राष्ट्रिय सम्मेलनले स्वास्थ्य र विपद्लाई अझ घनिभूत ढंगले जोड्न सकिने विविध सवालहरु पनि उठान गरेको छ। यो सम्मेलनमा उठान भएका विषयहरु मार्फत यस सम्बन्धि नीति, नियम तथा कार्यक्रमहरु तयार गर्न समेत सहयोग पुग्ने छ।

### सम्मेलन महत्वपूर्ण सिकाइ थलो भयो

*ऋषिराज आचार्य, उपसचिव, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय*

विपद् जोखिम तथा न्यूनीकरण सम्बन्धि दुई दिने राष्ट्रिय सम्मेलनमा विपद् सम्बन्धि काम गर्दै आएका धेरै सरकारी तथा गैर सरकारी संस्थाका सिकाई र अनुभवहरु आदान-प्रदान भएकाले यो सम्मेलन महत्वपूर्ण सिकाई थलो हो। संघिय मामला तथा सामान्य प्रशासन मन्त्रालयले गरेका काम तथा अभ्यासहरुलाई अझ प्रभावकारी ढंगबाट कसरी लैजान सकिन्छ भन्ने बारेमा जानकारी लिने अवसरको रुपमा पनि मैले सम्मेलनलाई लिएको छु। उपस्थित वक्ता तथा प्रस्तोताहरुबाट स्थानिय स्तरमा विपद् जोखिम न्यूनीकरणका लागि कस्ता कस्ता कदमहरु चाल्न सकिन्छ भन्ने कुराको निचोड निकाल्न समेत सहयोग पुगेको अनुभव भएको छ।



# विपद् जोखिम न्यूनीकरणकमा रैथाने प्रविधि उपयोगी



*प्रा. डा. जीवराज पोखरेल*

एउटा उखान छ, 'विपद बाजा बजाएर आउँदैन' त्यसैले विपदबाट हुने जोखिमबाट बच्न पूर्वतयारी तथा त्यसको अभ्यास गर्नु जरुरी छ। विपद् जोखिम न्यूनीकरणका लागि रैथाने विधिहरु अवलम्बन गरेर पनि यसबाट हुने क्षतिलाई केहि कम गर्न सकिन्छ।

विपद् दुई किसिमका हुन्छन, आकाशबाट हुने विपद र पातालबाट हुने विपद। आकाशबाट हुने विपदमा वर्षा, बाढीपहिरो, आगलागी, सर्पदंस, चट्यांग, जलवायु परिवर्तन लगायत पर्छन् भने पातालबाट हुने विपद्मा भुकम्प, ज्वालामुखी बिष्फोटन लगायत पर्छन्। आकाश र पातालबाट हुने विपद् जोखिम पुर्वतयारीका लागि गाँउघरको रैथाने शिप कसरी उपयोग गर्न सकिन्छ भन्ने विषयमा सबै जानकार हुन जरुरी छ।

नेपालको भू-बनोटका कारणले पनि पहाडमा परेको पानी सिधै हुत्तिएर तराईमा पुग्छ र तराई वर्षेनी डुबानमा पर्छ। यदी पहाडमा परेको पानी पहाडमा नै व्यवस्थापन गर्न सकियो भने तराई क्षेत्रमा वर्षेनी हुने जनधनको नोक्सानीलाई केहि कम गर्न सकिन्छ। त्यसका लागि पहाडी क्षेत्रका ठाउँठाउँमा पोखरी बनाएर पानी 'पार्क' गर्न सकिन्छ। केहि अध्ययनका आधारमा यो भन्न सकिन्छ कि पोखरी निर्माणबाट पानीको उचित व्यवस्थापन हुने र चट्याङ पर्दा पोखरी भएको ठाउँमा बढी पर्ने भएकाले यस्ता अभ्यासले बस्ति क्षेत्रलाई चट्यांगबाट समेत बचाउँन सकिन्छ।

पोखरी निर्माण आर्थिक दृष्टिले पनि खासै महंगो नपर्ने हुदा स्थानीय सरकारले पनि यसको जिम्मा लिन सक्छन्। यसबाट धेरै पानीजन्य विपद्हरु न्यून गर्न सकिन्छ। यसैगरी पहिरोको उच्च जोखिम रहेका क्षेत्रहरुमा भल तर्काउने, पर्खाल लगाउने लगायतका कार्यहरु गरेर पनि पहिरोबाट हुने क्षतिलाई कम गर्न सकिन्छ।

यसका साथै पातालबाट हुने भुकम्प लगायतका विपद्बाट बच्न बलियो संरचनाको आवश्यक पर्छ। नेपालको अधिकांस भेग ग्रामिण छन्। गाउँघरमा अझै पनि ढुंगा माटोको कमजोर घर बनाउने प्रचलन हटेको छैन। त्यसैले ग्रामिण भेगका घरलाई भुकम्प प्रतिरोधी बनाउन रेट्रो फिटिंग प्रविधि अवलम्बन गर्नुपर्छ। रेट्रो फिटिंग मार्फत गाउँघरमा सजिलै उपलब्ध हुने बाँसको उपयोग गरेर घरलाई भुकम्प प्रतिरोधी बनाउन सकिन्छ।

जुम्लामा आजभन्दा झन्डै ४-५ सय वर्षअघि लिच्छविकालमा बनेका माटोका घरहरु अझै उस्तै रहेका छन्। रैथाने शिपलाई वैज्ञानिक तवरबाट उपयोग गर्न सकियो भने विपद्बाट हुने जोखिमलाई कम गर्न सकिने उदाहरणको रुपमा यी घरलाई प्रस्तुत गर्न सकिन्छ।

छलफलमा सहभागीहरुले नेपालमा दिनानु दिन बढ्दै गएको पानीजन्य विपद् जोखिम घटाउँन भएका स्थानीय प्रविधिको प्रयोग गर्ने र संभाव्य नयाँ प्रविधिको खोजी गर्न आवश्यक रहेको धारणा राखेका थिए। यी प्रविधिको प्रयोग बढाउँन सरकारी नीति र जनस्तरमा सचेतना समेत आवश्यक रहेको बताइएको थियो।

# नेपालमा भूकम्पीय जोखिम व्यवस्थापनबाट भएका सिकाई



एक अध्ययनका अनुसार नेपालमा विपद्का घटनाबाट प्रत्येक दिन २ जनाको ज्यान जान्छ । यस्तै विपद्का कारण प्रतिवर्ष कुल गार्हस्त उत्पादनको २ देखि ४ प्रतिशत धनमालको क्षति हुने गरेको छ । नेपाल भूकम्पीय जोखिमका हिसाबले विश्वमै ११ औं स्थानमा छ । पछिल्लो पटक वि.सं. २०७२ सालको भुकम्पबाट नेपालमा ठुलो धनजनाको क्षति भयो भने यसले हाम्रो आर्थिक तथा सामाजिक क्षेत्रमा निकै ठुलो असर गर्यो । भूकम्पीय जोखिमबाट जनधनको ठुलो क्षति हुनुको प्रमुख कारण निर्माण भएका कमजोर भौतिक संरचना र चेतनाको अभाव रहेको हामी सबैले महशुस गरेको तथ्य हो ।

'विपद जोखिम न्यूनीकरण' का विषयमा काठमाडौंमा सम्पन्न भएको राष्ट्रिय सम्मेलनमा भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालका कार्यकारी निर्देशक श्री सूर्य नारायण श्रेष्ठले गर्नु भएको प्रस्तुतिमा नेपालमा इन्जिनियरको सुपरिवेक्षणमा बन्ने घरको संख्या कम भएको र भूकम्पीय जोखिमका हिसाबले यस्ता घरहरु उच्च जोखिममा रहेको बारेमा छलफल गरियो । प्रस्तोता श्रेष्ठका अनुसार वि.सं.२०७२ सालको विनाशकारी भूकम्पमा ९९ प्रतिशत मृत्युको कारण कमजोर संरचना हो । अन्य देशको आंकडा हेर्दा यो दर ७० देखि ८० प्रतिशत हुने गरेको छ । यस तथ्यले हाम्रा संरचनामा भूकम्पीय सुरक्षाका दृष्टिले अझ सुधार गर्नुपर्ने आवश्यकता देखाएको छ ।

भूकम्पीय जोखिमबाट हुने धनजनको क्षतिलाई कम गर्न जनचेतना अभिवृद्धि, घर निर्माण सम्बन्धी शिप विकास, ऐन, नियम, कानुन निर्माण तथा सुधार र कार्यन्वयनलाई विशेष जोड दिनुपर्ने श्रेष्ठको भनाई थियो । यसैगरी, स्थानिय स्तरमै डकर्मी तालिम, विद्यार्थी र शिक्षक तालिम र प्रविधिका क्षेत्रमा समुदायको संलग्नता गराउनाले पनि यस्ता जोखिम कम गर्न सकिने उहाँको भनाई थियो ।

कार्यक्रममा सहभागीहरुले श्रेष्ठको प्रस्तुतिका तथ्यहरुले भूकम्पीय सुरक्षाको सन्दर्भमा महत्वपूर्ण सवालहरु आएको भन्दै आगामी दिनमा शिप विकास, डकर्मी तालिम र त्यसको सम्भावनाका विषयमा छलफल र बहस आवश्यक रहेको धारणा राखेका थियो । निर्देशक श्रेष्ठले अहिलेसम्म नेपालमा २० प्रतिशत डकर्मीमात्र तालिम प्राप्त रहेको भन्दै ५० प्रतिशत डकर्मी तालिम प्राप्त भए भने उनीहरुले अन्यलाई पनि सिकाउन सक्ने र यसबाट भूकम्पीय सुरक्षामैत्री संरचना निर्माणमा ठूलो परिवर्तन ल्याउँन सकिने बताउनुभयो । त्यसैगरी अवसरको कमिले तालिम प्राप्त डकर्मीहरु दिनानु दिन विदेशिने गरेका कारण समस्या झन् बढेको उहाँको भनाई छ । त्यसका लागि सरकारले उचित नीति बनाइ उनीहरुलाई स्वदेशमै आय-आर्जनको सुनिश्चितता गरिदिनुपर्नेमा उहाँको जोड थियो । *(एनसेटका कार्यकारी निर्देशक सुर्य नारायण श्रेष्ठले विपद् जोखिम न्यूनीकरण सम्बन्धी राष्ट्रिय सम्लेनमा मिति २०७८ साल फागुन १३ गते गर्नुभएको प्रस्तुतिमा आधारित)* ।

# विपद्मा यौन तथा प्रजनन अधिकार




जनसंख्या विकास सम्बन्धि अन्तराष्ट्रिय सम्मेलन (ICPD) १९९४ ले 'सबै विस्थापित, शरणार्थी तथा पिडितहरुको शिक्षा, स्वास्थ्यजस्ता आधारभुत आवश्यकता सम्बन्धि अधिकारको सुनिश्चितता गरिनुपर्ने' कुरामा जोड दिनुभएको छ । विपद्का घटनाहरु घटीसकेपछि विस्थापित भएका व्यक्तिहरु आफ्नो जनधन समेत गुमाएको पिडाले मानसिक रुपले विक्षिप्त हुन्छन् । यसमा पनि सबैभन्दा पढी प्रभाव सुत्केरी, गर्भवती महिला, बृद्धबृद्धा तथा बालबालिकामा पर्ने गरेको छ ।

विपद्का बेला यौन तथा प्रजनन स्वास्थ्य अधिकारका बारेमा उपयुक्त सुचना, जानकारी तथा जनचेतनाको आवश्यकता छ । विपद्का बेला अस्थायी आवासमा यौन हिंसा बढ्ने र एचआइभी एड्स जस्ता संक्रमणको जोखिम बढ्ने गरेको छ । वि.सं.२०७२ सालमा गएको भुकम्प तथा वर्षेनी हुने तराईका डुबान र पहाडी भेगमा जाने बाढी पहिरोले विस्थापित भएका मानिसहरुको अध्ययनका निष्कर्षहरुले यस्ता बेला गर्भवतीले खेतको आली र बारीको पाटोमा बच्चा जन्माउनुपर्ने, पोषणको कमी र सुरक्षा चुनौतीका कारण मृत्युसम्मका घटनाहरु भएको तथ्यहरु देखाएका छन् ।

विपद्का बेला गर्भनिरोधक अस्थायी साधनहरुको अभावका कारण अनिच्छुक गर्भ रहने समस्या पनि बढ्ने गरेको छ । यसको न्यूनीकरणका लागि स्थानिय स्तरमा युवाहरुलाई तालिम दिएर परिचालन गराउने, हिंसा न्यूनीकरणका लागि महिलाहरुलाई जागरुक बनाउने तथा नीति नियमको कार्यन्वयनमा विशेष जोड दिनु आवश्यक छ । अबका दिनमा विपद्का बेला हुने यौनजन्य हिंसा अन्त्यका लागि जागरण फैलाउँन सबैको भूमिका अपरिहार्य छ । (हरी कार्की, युएनएफपिए) ले गर्नुभएको प्रस्तुतिमा आधारित ।

# विपद् र समावेशिकरणलाई मूल प्रवाहमा ल्याउन आवश्यक



वि.सं.२०७८ साल फागुन १२ र १३ गते काठमाडौंमा सम्पन्न विपद् जोखिम न्यूनीकरण विषय सम्बन्धीको राष्ट्रिय सम्मेलनमा विपद्संग जोडिएका विभिन्न सवालहरु उठानका क्रममा विपद् र समावेशीकरणको सवाल पनि प्राथमिकताका साथ उठान भएको छ। समावेशिता र विपद्को बारेमा सरोकारवालाहरु वीच छलफलका लागि दुई वटा कार्यपत्र समेत प्रस्तुत गरिएको थियो । यी कार्यपत्रले विपद् र समावेशिताको व्यापकतालाई तथ्यपरक ढंगले उठान गरेका थिए भने सरोकारवालाहरुले पनि आफ्ना अनुभव तथा भोगाइ आदानप्रदन सहित विभिन्न सुझावहरु समेत दिएका थिए।

लैंगिक समानता र सामाजिक समावेशीकरणका सवालसंग जोडिएका विषयलाई उठान तथा छलफल गरि आवश्यक सुझाव समेत लिन विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा महिला समानता र समावेशिकरण (Gender Equality and Social Inclusion in Disaster Risk Reduction and Management) र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा समावेशिताको पाठ र सिकाइ LESSONS AND LEARNING ON GESI IN DRR विषयमा दुईवटा कार्यपत्र प्रस्तुत गरिएको थियो । विपद्मा काम गर्दा हासिल गरिएका सिकाइ र भोगाइमा आधारित यी कार्यपत्रहरु साहारा न्यौपाने र आचल दाहालले प्रस्तुत गर्नुभएको थियो। उक्त प्रस्तुतीमा महिला, आदिवासी, जनजाति, धार्मिक अल्पसंख्यक, अपांगता भएका व्यक्तिहरु, भौगोलिक विकट क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरु, लैंगिक अल्पसंख्यकहरु, दलित, मधेशी लगायतका समुहलाई विपद्का विभिन्न पक्षहरु संग जोडेर मूल प्रवाहिकरण गर्नुपर्ने बारेमा विभिन्न अनुभव र सिकाईहरु आदानप्रदान गरिएको थियो भने यसका बारेमा गर्नुपर्ने थप कार्य सम्बन्धमा सुझावहरु समेत दिइएको थियो ।

यूएनडिपीले गरेको एक अध्ययन अनुसार विपद् र विपद् पछिको समयमा महिला र किशोरीहरु अरुको तुलनामा १४ गुणा बढी जोखिममा रहेका छन्। यस्तै साधारण व्यक्तिको तुलनामा अपांगता भएका व्यक्तिहरु २ देखि ४ गुणा बढी जोखिममा रहेका छन्। उनीहरु शैक्षिक, आर्थिकका साथै सामाजिक तथा सांस्कृतिक अवरोधहरु भोग्न बाध्य छन्। एक अध्ययनका अनुसार भुकम्पको समयमा ४८ प्रतिशत महिलाहरुले सहायता प्रप्त गर्न सकेनन् भने ४८ प्रतिशत सेवा पहुँचमा पुग्नै सकेनन्। स्वास्थ्य सेवा प्रदायकहरु बाट अपांगता भएका व्यक्तिहररुले स्वास्थ्य सेवा लिदा ४ गुणा बढी भेदभावको सामना गर्ने गर्दछन्। यस्ता तथ्यमा आधारित प्रस्तुति मार्फत् आगामी दिनमा समावेशिताको सवाललाई विपद्संग शसक्त ढंगले जोडेर लैजान आवश्यक रहेको धारणा सहभागिहरुको थियो।

यी तथ्यहरुले विपद्मा लक्षित समूहहरु राहत र पूर्नस्थापना लगाएतका सुविधा र अधिकारबाट वञ्चीत भएको स्वष्ट हुन्छ भन्दै सहभागिहरुले आगामि दिनमा सम्बद्ध पक्षले यस्ता सवाललाई प्राथमिकताका साथ सम्बोधन गर्नुपर्नेमा जोड दिएका थिए। समावेशी समुहका व्यक्तिहरु आर्थिक अवस्था, पहुँच तथा समाजिक दृष्टिले पछाडी परेको र यसले गर्दा उनीहरुका आवाज सम्मेत कम सुनिने भएका छन्। जसले गर्दा यस्ता समुदायको समग्र अवस्थालाई समेत ख्याल गर्दै विपद्मा विशेष प्राथमिकतामा राख्न आवश्यक रहेकोमा सबैको ऐक्यबद्धता व्यक्त गरिएको थियो।

महामारी, विपद् र आपतकालिन समयमा महिला र किशोरीहरु जो विपन्न, पिछडिएका, कम्जोर, सामाजिक बहिष्करणमा परेका, गर्भवती, स्तनपान गराउदै गरेका आमाहरु, वृद्ध, एकल महिलाहरु, अपांगता भएका तथा लैंगिक अल्पसंख्यक बढी प्रभावित हुने गरेकाले उनीहरुका लागि विशेष नीति तथा सोहि अनुसार कार्य गर्न आवश्यक रहेको धारणा व्यक्त गरिएको थियो।

## जानकारी

## हावाहुरीबाट जोगिन के गर्ने ?





- घरको संरचना बलियो बनाउने ।
- घरको छानालाई ग्याबियन तारले राम्ररी कसेर बाध्ने।
- टिनको छानालाई (J-HOOK) ले बलियोसंग कसेर राख्ने ।
- घरको छतमा गमला वा गह्रौं चिजवस्तु राख्दा बाँधेर मात्र राख्ने ।
- हावाहुरी चल्न थाले झ्याल ढोका राम्ररी बन्द गर्ने ।
- हावाहुरी चलेको बेलामा सकेसम्म घरबाहिर ननिस्कने, यदि बाहिर निस्किएको अवस्था छ भने सावधानी अपनाएर सुरक्षित बस्ने।
- मोटरसाईकल गाडी चलाईरहेको बेलामा हावाहुरी लागेको छ भने सवार साधन रोकेर सुरक्षित स्थानमा बस्ने ।
- भिडभाडमा भएको बेला हावाहुरी चले भागदौड नगर्ने। विस्तारै सुरक्षित स्थानमा गएर बस्ने।
- हावाहुरी लागेको बेला घर बाहिर भएमा कतै कुनै सुरक्षित ओत नभेटे, सुक्षित स्थानमा थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो पर्ने।
- आफूले थाहा पाएका यी जानकारीहरु घरपरिवारका सदस्य तथा अन्य व्यक्तिहरुलाई पनि भन्ने।

# विपद् जोखिम न्यूनीकरण सम्बन्धी राष्ट्रिय सम्मेलन २०७८ का झलकहरु










## अनुरोध

प्रकोप पूर्वतयारी सञ्जाल नेपाल (डिपिनेट) ले मासिक रुपमा प्रकाशन गर्दै आएको विपद् बुलेटिनलाई निरन्तरता दिएको छ । यो बुलेटिनमा सरकारी निकाय, संयुक्त राष्ट्र संघीय एजेन्सी, गैर सरकारी संस्था, विकास साझेदार, निजी क्षेत्र तथा समुदायबाट विपद्को क्षेत्रमा भए गरेका गतिविधि, सिकाइ, उपलब्धी सम्बन्धी सान्दर्भिक फोटो तथा प्रकाशनका लागि उपयुक्त हुने सामग्री निम्न ठेगानामा पठाउनुहुन हार्दिक अनुरोध गर्दछौं ।

USAID अमेरिकी जनताबाट

Fostering Knowledge on Disaster DPNet Nepal

प्रकोप पूर्वतयारी सञ्जाल नेपालको सचिवालय
कार्यालय रेडक्रस रोड, कालीमाटी, काठमाण्डौ
फोन नं. : ०१-४६७२१६५, ६२२६६१३
Email: dpnet@dpnet.org.np
https://www.dpnet.org.np

### स्वीकारोक्ति

यस बुलेटिन भित्रका विषयवस्तु र सामग्री डिपिनेटका एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।